# स्थानीय राजपत्र

# गढवा गाउँपालिका

प्रदेश नं ५, स्थानीय सरकारद्वारा प्रकाशित

खण्ड : २) देउखुरी, दाङ,माघ १५ गते, २०७५ साल (संख्या : १६

## भाग-२

## स्थानीय सरकार

## गढवा गाउँपालिकाको सूचना

नेपालको संबिधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाउँपालिका दाङ

## सामुदायिक स्वास्थ्य इकाइ स्थापना,संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यबिधि, २०७५

### प्रस्तावना

गढवा गाउँपालिकाको प्रथम गाउँसभाबाट पारित नीति तथा कार्यक्रम,२०७४ बमोजिम तय गरिएको प्रमुख नीति मध्य सामुदायिक स्वास्थ्य इकाइ स्थापना गरी पालिकामा बसोवास गर्ने महिला,वालवालिका गरीव ,तथा सिमान्तकृत वर्ग तथा समुदायको गुणस्तरियआधारभूत स्वास्थ्य सेवामा पहुच र सेवाको उपभोगमा वृद्धी गर्न सामुदायिक स्वाथ्य इकाइ स्थापना सम्वन्धि स्वास्थ्य नीति २०७२,को कार्य नीतिमा उल्लेख भए वमोजिम पालिकाहरुमा वसोवास गर्ने नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदानगर्न आवश्यकता र प्राथमिकताको आधारमा यस गढवा गाउँपालिकाको दुगर्म तथा स्वास्थ्य सेवा वाट वन्चित रहेका वडाहरुमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना गर्दै जाने

निति अनुरुप आ.व. ०७५/०७६ मा गढवा गाउँपालिकाको वडा नं. २ मा सामुदायिक स्वास्थ्य इकाइ स्थापन गर्ने

नेपालको संविधान २०७२ वमोजिम आधारभूत स्वस्थ सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि **"शिक्षा र स्वास्थ्यमा लगानी स्वस्थ जिन्दगानी"** भन्ने गढवा गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न सामुदायिक स्वास्थ्य इकाइ स्थापना,संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७५/०६/०७ गतेको वैठकको निर्णयनुसार पारित गरिएको छ ।

## परिच्छेद –१

### प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

१). **यो मार्गदर्शनको नाम** : सामुदायिक स्वास्थ्य इकाइ स्थापना सम्वन्धी कार्यविधि २०७५ रहेको छ ।

२). परिभाषा :

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क)“सामुदायिक स्वास्थ्य इकाइ भन्नाले गढवा गाउँपालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी वा अस्थायी बसोवास गर्ने महिला,वालवालिका ,गरीव ,तथा सिमान्तकृत वर्ग तथा समुदायको गुणस्तरिय ्आधारभुत स्वास्थ्य सेवामा पहुच पुऱ्याइ आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनको लागि ल्याइएको विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ ।

(ख) “लक्षित वर्ग : गढवा गाउँपालिका भित्र को दुगर्म क्षेत्रमा वसोवास गर्ने महिला,वालवालिका ,गरीव ,तथा सिमान्तकृत वर्ग तथा समुदायहरु

(ग) गाउँपालिका भन्नाले गढवा गाउँपालिका भन्ने सम्झनु पर्ने छ ।

## १. सामुदायिक स्वास्थ्य इकाइ रहने स्थान

गढवा गाउँपालिकाको वडा नं. २ को चिमचिमे भन्ने स्थानमा आ.व ०७५/०७६.मा तत्काल स्थापना गरी सेवा सञ्चालनमा ल्याइने छ । यसको साथै आवश्यकता र औचित्यको आधारमा गढवा गाउँपालिकाको अन्य स्थानमा

समेत सामुदायिक स्वास्थ्य इकाइ  स्थापना गर्दै लगिने निति लिइएको छ

**२.कर्मचारी सम्वन्धी व्यवस्था र दरवन्दी**

**२.१ सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन गर्न देहाय वमोजिमको जनशक्तिको  व्यवस्था गर्नुपर्ने छ।**

(क) हे.अ./अ.हे.व. मध्ये   एक जना

(ख) स्टाफ नर्स/अ.न.मी.मध्ये बाट  एक जना

(ग) कार्यालय सहयोगी       एक जना

**२.२ पारिश्रमिक र सुविधा सम्वन्धी व्यवस्था**

उपरोक्त बमोजिमको जनशक्तिको व्यवस्था गढवा गाउँपालिकाको गाउँसभा बाट विनियोजित रकम बाट तलवभत्ता दिने गरि सेवा करार लिने व्यवस्था मिलाइने छ। यसरी नियुक्ति हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुविधा गढवा गाउँपालिका वाट व्यहोरिने छ , साथै सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत स्वास्थ्यकर्मी लगायत

अन्य कर्मचारीहरुको .पारिश्रमिक दुइपक्षिय संझौता वमोजिम हुने छ, भने पहिले देखि सञ्चालनमा भएका सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीहरुको हकमा समेत यो सुविधा लागू हूने छ ।

जनसंख्या ,भौगोलिक अवस्था र विरामीको चापको आधारमा र कार्य विवरणको अवस्था हेरी थप प्राविधिक जनशक्तिको आवश्यकता गर्नुपर्ने भए थप जनशक्तिको  व्यवथा पनि गर्न सकिने छ ।

२.३ **प्रकृया :**  करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४ वमोजिम हुनेछ ।

३. **सामुदायिक स्वास्थ्य इकाइ सञ्चालन तथा व्यवस्थापन**

३.१ सामुदायिक स्वास्थ्य इकाइको सञ्चालन,रेखदेख र समन्वय सम्वन्धीत सामुदायिक स्वास्थ्य इकाइ  स्वास्थ्य व्ययस्थापन समिति,वडा पालिका र  गाउँपालिकाले गर्ने छ ।

३.२ सामुदायिक स्वास्थ्य इकाइ लाई आवश्यक पर्ने औषधी र उपकरण गढवा गाउँपालिकाले आपूर्ति व्यवस्था मिलाउने छ ।

३.३ सामुदायिक स्वास्थ्य इकाइमा कामगर्ने  कर्मचारीहरको व्यवस्थापन तथा कामको  रेखदेख पालिका, सम्वन्धीत वडा र सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन  समितिले गर्ने छ ।

३.४ सामुदायिक स्वास्थ्य इकाइको  भवन निर्माण ,मर्मत सम्भार  र आवश्यक उपकरण आदिको  व्यवस्थापन गर्ने जिम्मेवारी  सम्वन्धीत पालिकाको हुने छ ।

**४.सामुदायिक स्वास्थ्य इकाइ स्तरीय ,स्वास्थ्य व्यवस्थापन समिति** गठन :

४.१ पालिकाको प्रत्येक वडामा स्थापना हुने सामुदायिक स्वास्थ्य इकाइमा आधारभुत  स्वास्थ्य सेवा प्रदान गर्न देहाय वमोजिम ७ सदस्यीय  स्वास्थ्य व्यवस्थापन समिति हुने छ ।

(क) सम्वन्धीत वडाको वडाअध्यक्ष - संयोजक

(ख) सम्वन्धीत वडामा बसोवास गर्ने समाजसेवी ,व्यवसायी,उद्योगपति,वुद्धिजिवी, र लव्ध प्रतिष्ठीत व्यक्तिहरुबाट सामुदायिक स्वास्थ्य इकाई स्तरयि स्वास्थ्य व्यवस्थापन समितिले मनोनित गरेको व्यक्ति १ जना -उपाध्यक्ष

(ग) सम्वन्धीतवडाको वडा सचिव -सदस्य

(घ) सम्वन्धीत वडा भित्र वसोवास गर्ने समाज सेवी ,व्यवसायी ,उद्योगपति , वुद्धिजिवी र लव्धप्रतिष्ठीत व्यक्ति मध्ये बाट स्वास्थ्य व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना -सदस्य

(ङ) सम्वन्धीत वडाको सामुदायिक स्वास्थ्य इकाईको प्रमुख -सदस्य सचिव

**५ . कार्यविधिको व्याख्या** : यो कार्यविधि गढवा गाउँ कार्यपालिकाको वैठक वाट पारित भएको मिति देखि लागु

हुनेछ । कार्यविधि लागु हुनु भन्दा अगाडी सामुदायिक स्वास्थ्य इकाइ स्थापना संचालन तथा व्यवस्थापन सम्वन्धमा भए गरेका कामकारवाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७५/१०/१५

आज्ञाले,
ऋषिराम के.सी
प्रमुख प्रशासकिय अधिकृत